# अब प्रसूति गृहमा बच्चा जन्मिनासाथ पाँचथरी वंशाणुगत रोगको परीक्षण र उपचार



काठमाडौं(जस)-परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा दुई नयाँ सेवा सुरु भएको छ । अस्पतालले गर्भवती तथा सुत्केरीका लागि मानसिक स्वास्थ्य सेवाको ओपिडी र नवजात शिशुमा वंशाणुगत रोग पत्ता लगाउन 'न्यु बर्न स्क्रिनिङ' सेवा सुरु गरेको हो । आइतबारबाट सुरु भएको सेवाको शुभारम्भ गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले अनिवार्य रुपमा दिनुपर्ने दुई सेवा अस्पतालले सुरुवात गर्नु राम्रो पक्ष रहेको बताए ।

उनले भने, 'मनोस्वास्थ्य ओपिडीले गर्भवती तथा महिलालाई सहयोग पुऱ्याउनेछ। नवजात शिशुहरुको परीक्षण सेवा पनि अत्यावश्यक सेवा हो ।', मन्त्री पौडेलले यी सेवा व्यवस्थापनका लागि आवश्यक साधन स्रोतको व्यवस्थापनमा कमी हुन नदिने आश्वस्त पारे । अस्पतालका निर्देशक डा. निर्देशक श्रीप्रसाद अधिकारीले गर्भधारण गरेका वा सुत्केरीमा समस्याको जोखिम बढी भएकाले मनोस्वास्थ्य ओपिडि सेवा सुरु गरिएको बताए । उनले भने, 'गर्भवती तथा सुत्केरी अवस्थामा हुने मानसिक स्वास्थ्य समस्याहरुले महिलाको मात्रै नभएर बच्चाको समेत शारीरिक, मानसिक र भावनात्मक वृद्धि विकासमा नकरात्मक असर पर्छ । यस्तो अवस्थामा देखिने समस्यालाई समयमै पहिचान गर्न सकिएमा समाधान गर्न सकिन्छ ।'

डा. अधिकारीले नवजात शिशुमा हुनसक्ने 'मेटाबोलिक डिसअर्डर' पहिचान गरी समयमै उपचार गर्न र नवजात शिशुको मृत्युदर घटाउनका लागि सेवा सुरु गरिएको बताए । अस्पतालले गत साउनदेखि हालसम्म २०५ जना शिशुहरुमा यो परीक्षण गरिसकेको छ । नवजात शिशु जन्मेको केही दिनभित्र गरिने 'ब्लड स्पट टेस्ट' लाई 'न्यु बर्न स्क्रिनिङ टेस्ट' भनिन्छ । उक्त जाँचबाट नवजात शिशुमा हुनसक्ने विभिन्न प्रकारका वंशाणुगत समस्या पत्ता लगाउन सकिन्छ। उक्त परीक्षणबाट हाल छ वटा वंशाणुगत रोगहरु पहिचान गर्न सकिने र भविष्यमा थप साधन स्रोत थपेर अरु रोगका लागि पनि सेवा सञ्चालन गर्ने लक्ष्य छ । परीक्षणमा पोजिटिभ आएका शिशुका लागि तुरुन्त आवश्यक उपचार सुरु गरिनेछ ।

# न्याम्समार्फत शिक्षक दरबन्दी थप्ने स्वास्थ्यमन्त्री पौडेलको निर्णय



काठमाडौं(जस)-चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान न्याम्सले प्रतिष्ठानअन्तर्गतका सरकारी मेडिकल तथा नर्सिङ कलेजमा पोस्ट ग्रयाजुएट चिकित्सक तथा नर्स अध्यापनका लागि आवश्यक शिक्षक दरबन्दी स्वीकृत गरेको छ । प्रतिष्ठानका सहकुलपति स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलको अध्यक्षतामा आइतबार बसेको ३१ औं सिनेट बैठकले यस्तो निर्णय गरेको हो । मन्त्री पौडेलले गत साउन २७ गते सार्वजनिक गरेको योजना तथा प्राथमिकतामा दक्ष चिकित्सक अभाव कम गर्न सरकारी मेडिकल कलेजहरुमा पोस्ट ग्रयाजुएट विद्यार्थीको कोटा थप्न पहल गर्ने निर्णय गरेका थिए ।

बैठकमा मन्त्री पौडेलले देशमा दक्ष चिकित्सक अभाव कम गर्नका लागि यस निर्णय ऐतिहासिक हुने विश्वास व्यक्त गर्दै यसको प्रभावकारी कार्यान्वयनका लागि प्रतिष्ठानलाई निर्देशन दिए। यससँगै अब देशैभरका सरकारी चिकित्सा तथा नर्सिङ कलेजमा ४ सय सम्म पोष्ट ग्रयाजुएट विद्यार्थीलाई थप अध्ययन गराउन सकिने प्रतिष्ठानका उपकुलपति प्राध्झापक डाक्टर भुपेन्द्रकुमार बस्नेतले जानकारी दिए ।

'सरकारी कलेजमा पोस्ट ग्रयाजुएट विद्यार्थीको अध्ययन कोटा कम भएको अवस्थामा यो निर्णयले ठूलोसंख्यामा विद्यार्थी थप गराउन सघाउनेछ,' उनले भने । अहिले प्रतिष्ठानमार्फत शैक्षिक आबद्धता लिएका सरकारी मेडिकल तथा नर्सिङ कलेजहरुमा एक सय १२ जना विद्यार्थी वार्षिक रुपमा पोस्ट ग्रयाजुएट अध्ययन गरिरहेका छन् । शिक्षक अभावमा दक्ष चिकित्सा जनशक्ति अभाव भए पनि विद्यार्थी थप गर्न नसकिएको अवस्थामा यो निर्णयले सहायता पुग्ने विश्वास गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डाक्टर प्रकाश बुढाथोकीले जानकारी दिए ।

बैठकले यसअघि न्याम्सअर्न्तगत शैक्षिक आबद्धता लिएका आंगिक कलेज भरतपुर अस्पताल कोशी अस्पतालसँगै नारायणी र भेरीमा अस्पताललाईसमेत आबद्धता दिने निर्णय गरेको छ । ती सबै अस्पतालका लागि आवश्यक शिक्षक दरबन्दी स्वीकृत भएको छ । यसैगरी, मेची आँखा अस्पताल, गेटा आँखा अस्पताल, सशस्त्र प्रहरी अस्पताल, नेपाल अथोप्डिक अस्पतालका लागिसमेत पोस्ट ग्रयाजुएट अध्ययनमा विद्यार्थी थप्न सघाउने गरी शिक्षक दरबन्दी थप भएको छ ।

नर्सिङ क्याम्पस, भरतपुर नर्सिङ क्याम्पस, कान्ति नर्सिङ क्याम्पस, निजामति नर्सिङ क्याम्पस तथा सशस्त्रको नर्सिङ क्यम्पसका लागिसमेत शिक्षक दरबन्दी स्वीकृत गरिएको उपकुलपति बस्नेतले जानकारी दिए । बैठकले प्रतिष्ठानले एमबीबीएस अध्ययन थाल्नेसमेत निर्णय गरेको छ । प्रतिष्ठानअर्न्तगत रहेका वीर अस्पताल, ट्रमा सेन्टर तथा नर्सिंग क्याम्पसलाई अब एमबीबीएस अध्ययन थाल्नसमेत यस निर्णयले बाटो खुला भएको उपकुलपति बस्नेतले जानकारी दिए ।

# कांग्रेसद्धारा उद्धार कोषमा ५० लाख हस्तान्तरण



काठमाडौं(जस)-प्रधानमन्त्री केपी शर्मा ओलीलाई नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवासहितको टोलीले हालैको प्राकृतिक विपदपछिको अवस्थामा तत्काल र दीर्घकालीन रुपमा गर्नुपर्ने कामबारे सुझावसहित प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि आइतबार ५० लाख (पार्टीका सांसदहरुको आधा महिनाको पारिश्रमिक समेत) हस्तान्तरण गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रधानमन्त्री ओलीलाई भेटेर सभापति देउवाले ३४ बुँदे सुझावपत्र तथा चेक हस्तान्तरण गरेका हुन् । सो अवसरमा प्रधानमन्त्री ओलीले नेपाली कांग्रेसले प्राकृतिक विपत्तिको सामना गर्न सबै पक्षले एकताबद्ध भएर सामना गर्नुपर्ने मुख्य भावनासहित दिएका सुझाव मननीय भएको बताए ।

उनले विपदले कुनै जात, उमेर र धर्म नभनी सबैलाई सङ्कटमा पार्ने भएकाले साझा दायित्व सम्झिएर यसको सामना मिलेर गर्ने कार्यमा सरकारले अगुवाइ (लिड) गर्ने विश्वास दिलाए । नेपाली कांग्रेसले विपद्को सामना मिलेर गर्न र भविष्यमा आउने विपदको पूर्व तयारी गर्न एकता र एकताबद्ध भवनाका साथ लाग्न सरकारलाई आग्रह गरेको छ । सो अवसरमा गृहमन्त्री रमेश लेखक, दलका उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री विश्वप्रकाश शर्मा तथा लगायत सहभागी थिए ।

# उपत्यकाबाट हराएका २६ मोटरसाइकल सवारी धनीलाई फिता



काठमाडौं(जस)-काठमाडौं उपत्यकाका विभिन्न ठाउँबाट हराएका २६ वटा मोटरसाइकल र स्कुटरहरु फेला पारेर ट्राफिक प्रहरीले सम्बन्धित धनीलाई फिर्ता गरेको छ । आइतबार काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयमा एक कार्यक्रमका बीच डीआईजी भरतबहादुर बोहराले मोटरसाइकल हस्तान्तरण गरे ।

जसमा १६ वटा मोटरसाइकल र १० वटा स्कुटर छन् । हराएको भन्दै विभिन्न मितिमा परेका उजुरीहरुका आधारमा प्रहरीले खोजतलास गरी मोटरसाइकल फेला पारेको हो । मोटरसाइकल तथा स्कुटरहरुमा वास्तविक नम्बर प्लेट र केहीमा नक्कली नम्बर प्लेट राखेको अवस्थामा प्रहरीले फेला पारेको हो ।

काडाँघारी, सानोठिमी, नरेफाँट, बालकुमारी, भिमसेनगोला, गौरीघाट, महाराजगंज, बुढानीलकण्ठ, नेपालटार, ठमेल र कंलकी लगायतका स्थानबाट हराएका उक्त सवारी साधन ट्राफिक प्रहरीले फेला पारिएको ट्राफिकले जनाएको छ । आइतबार बुझाइएका २६ वटासहित १४१ वटा सवारी साधन साउन महिनादेखि आइतबारसम्म ट्राफिक प्रहरीले धनीलाई जिम्मा लगाइसकेको छ । चोरीका १३ वटा दुई पाङ्गे सवारी साधन सहित चोरीमा संलग्न १७ जना व्यक्तिहरूलाई पनि आवश्यक कारबाहीका लागि विभिन्न प्रहरी परिसर तथा प्रहरी वृत्तमा पठाइएको छ ।

# कृषि तथा घरेलु उद्यमी मेलामा मौलिक उत्पादनमा आकर्षण

काठमाडौं(जस)-राजधानीको राष्ट्रिय सभागृहमा 'नेपाली उत्पादनको प्रवर्द्धन हाम्रो अभियान' भन्ने मूल नाराका साथ दोस्रो जिल्ला स्तरीय उद्योगी मेला र दशैं महोत्सव २०८१ चलिरहेको छ । प्रदर्शनीमा स्थानीय खानाका परिकार, अल्लो, ढाका र गार्मेन्टका मौलिक उत्पादन, अचार, छोप, मह, कृष्टलका गहना, ओखलमा प्रत्यक्ष कुटेका च्युरालगायतमा अवलोकनकर्ताहरुको आकर्षण देखिएको छ । यस्तै प्रदर्शनीमा सिस्नो, केरा, गाँजा, बाँस, केतुकी, भूँइकटहरलगायतका प्राकृतिक रेशाबाट बनेका कपडाका उत्पादन, कर्णाली तथा हिमाली क्षेत्रका मौलिक परिकार तथा अन्य उत्पादन, नेपाली जुत्ता उपभोक्ताहरुले मन पराएका छन् ।

घरेलु तथा साना उद्योग संघ काठमाडौं र काठमाडौं महानगरपालिकाको संयुक्त रुपमा राजधानीको राष्ट्रिय सभागृहको परिसरमा सञ्चालित मेला आगामी असोज २४ गतेसम्म चल्नेछ । काठमाडौं महानगरपालिकाका ३२ वटै वडाका लघु, घरेलु, साना तथा महिला उद्यमीहरुको सहभागितामा आयोजना गरिएको औद्योगिक प्रदर्शनीमा सबै वडामा सञ्चालित उद्योगहरुको सहभागिता रहेको छ। घरेलु तथा साना उद्योग संघ काठमाडौंका सचिव तथा मेला संयोजक जितेन्द्र कुमार श्रेष्ठले काठमाडौं महानगरपालिकाका ३२ वटै वडाका लघु, घरेलु, साना तथा महिला उद्यमीहरुको सहभागितामा आयोजना गरिएको औद्योगिक प्रदर्शनीमा सबै वडामा सञ्चालित उद्योगहरुको सहभागिता रहेको बताए ।

काठमाडौं महानगरपालिका सामाजिक विकास विभाग प्रमुख समिक्षा निरौलाले अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउने लघु, घरेलु तथा साना उद्योहरुको प्रवर्द्धन र बजारीकरणमा सघाउन प्रदर्शनी आयोजना गरिएको बताइन् । घरेलु तथा साना उद्योग संघ काठमाडौंकी अध्यक्ष पद्म कुमारी कार्कीले घरेलु तथा साना उद्यमीद्धारा उत्पादन गरिएका वस्तुहरुलाई प्रवर्द्धनका साथै बजारीकरण गरी स्वदेशी उद्योगद्धारा उत्पादित वस्तुहरुको उपभोगमा बृद्धि गरी बेरोजगारीलाई केही हदसम्म कमी ल्याउने उद्देश्य रहेको बताइन् ।

काठमाडौं जिल्लाका चन्द्रागिरी नगरपालिका, टोखा नगरपालिका, नागार्जुन नगरपालिका, उद्योग तथा वाणिज्य कार्यालय काठमाडौंको सहकार्य र सहआयोजना रहेको प्रदर्शनीमा बढी भन्दा बढी स्वदेशी तथा विदेशी नागरिकहरुलाई अवलोकन गराई नेपाली उत्पादन तथा वस्तुहरुको ब्राण्डिङका साथै पहिचान गराउने मेलाको उद्देश्य रहेको संघकी अध्यक्ष कार्कीले बताइन् ।

प्रदर्शनीमा लघु घरेलु तथा साना उद्योगका उत्पादन, स्थानीय खानाका परिकार तथा मौलिक उत्पादन, प्राकृतिक रेशाजन्य उत्पादन, स्वदेशी जुत्ता, अचार, छोप, फेल्ट, ढाका र अल्लो, जुम्ला र मुस्ताङका अर्गानिक उत्पादन, कस्मेटिक, गार्मेन्ट, हस्तकलाका उत्पादन, अर्गानिक फलफुल, चोयाको सामान, तयारी पोशाक, कृष्टलका गहना तथा सामग्री, ढाकाका कपडा, ओखलमा कुटेका च्युरा, अर्गानिक अचार र छोप, मखमलका जुत्तालगायतका उत्पादन, काष्ठकलाका सामग्री, प्लाष्टिकबाट पुनःप्रयोगबाट बनाइएका कलात्मक वस्तु, बाँसको जराबाट बनाइएका कलात्मक वस्तुलगायतका ७० वटा स्टल रहेका छन् ।


## चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चौतारा, सिन्धुपाल्चोक**
**बाग्मती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०८१/०६/२१)**

चौतारा सागाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकवाट मिति २०८१/०५/१३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रित पुर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मुल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट, कन्टिजेन्सी र PS बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB/WORKS-01/2081/082 | Upgrading Works of Kotdanda Harre Bhulbhule Narsingdanda Road Sector, Ward no-13 | L.O.G. Construction And Suppliers Pvt.Ltd, Chautara sangachokgadhi municipality -13, Sindhupalchok | ८९,९०,६०४.४७ |

प्रमुख प्रशासकीय अधिकृत
चौतारा साँगाचोकगढी नगरपालिका



## युएईमा रोजगारीको अवसर

**कम्पनी**: Royal Falcon Security llc — **शहर** : Dubai

**पूर्व स्वीकृति मिति** :- २०८१-०६-२० L.T. No. :- ३११९०३ च.नं. :- ६०२२६३४६

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब NPR | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Female Guards | 0 | 20 | सम्बन्धित काममा दक्ष | 2000 | 73,405 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २ | Helper | 60 | 0 | | 900 | 33,030 | | | | | | | |
| ३ | Security Guard PSBD | 120 | 0 | | 2000 | 73,405 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगार विमा हुने/नहुने | हवाई टिकट कस्लने दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कम्पनीले | दिने | कम्पनीले | हुने/रोजगारादाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी
१. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनु होला । ५. विदेश जानु अघि आफू जाने मुलुक,काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य सर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को एक प्रति आफूसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला । अन्यथा ठगिने सम्भावना हुन्छ । यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रबर्द्धन विभाग, नयाँ बानेश्वरमा सम्पर्क राख्नु होला ।

अन्तर्वार्ता मिति : २०८१ असोज २८ (October 14, 2024) मा मेनपावरको कार्यालयमा हुनेछ ।

## प्यारडाईज इन्टरनेशनल प्रा. लि.
बखुन्डोल, ललितपुर, (कुपोण्डोल सर्वाङ्ग हस्पिटलबाट भित्र, नर्वे एम्बेसीसँगै)
ISO 9001:2000 CERTIFIED ORGANISATION Lic No.: 187/057/058
सम्पर्क: 01-5434054, 5433455



## साउदीमा रोजगारीको अवसर

**कम्पनी** : Technical Solution Saudi General Contracting Est. — **शहर** : Jubail

**पूर्व स्वीकृति मिति** :- २०८१-०६-२० L.T. No. :- ३११८६८ च.नं. :- ६०२२६३१३

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N.R. | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | OFFICE BOY. | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | 35,890 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी** : Mimcom Operation & Maintenance Company — **शहर** : Riyadh

**पूर्व स्वीकृति मिति** :- २०८१-०६-२० L.T. No. :- ३११८६७ च.नं. :- ६०२२६३१४

| क्र.सं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N.R. | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Loader & Unloader | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | 35,580 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | KITCHEN WORKER | 12 | 0 | | 1000 | 35,580 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगार विमा हुने/नहुने | हवाई टिकट कस्लने दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कम्पनीले | दिने | कम्पनीले | हुने/रोजगारादाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी
१. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनु होला । ५. विदेश जानु अघि आफू जाने मुलुक,काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य सर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को एक प्रति आफूसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला । अन्यथा ठगिने सम्भावना हुन्छ । यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रबर्द्धन विभाग, नयाँ बानेश्वरमा सम्पर्क राख्नु होला ।

अन्तर्वार्ता मिति : २०८१ असोज २८ (October 14, 2024) मा मेनपावरको कार्यालयमा हुनेछ ।

## AAYUSH OVERSEAS PVT. LTD.
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01-5918559.
Email: aayusoverseas1341@gmail.com, Web: www.aayushoverseas.com.np
Landline No: 01-5915290, Mobile No: 9801357726, 9801357727, 9801357729, 9801591168, 9808533103, 9827713813